नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

बैठकः कार्यालय प्रमुख, रसुवा

बैठक संख्याः २ (आ.व.२०८३/८४)

सम्वत् २०८३ साल भाद्र ८ ने.सं. ११४६ सोमबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्र परियारको अध्यक्षतामा जिल्लास्थित देहायका सरकारी तथा सार्वजनिक निकायका कार्यालय प्रमुखहरूको उपस्थितिमा कार्यालय प्रमुखको बैठक बसी निम्नानुसारको निर्णयहरू गरियो।

उपस्थितिः

| हस्ताक्षर | नाम, थर | पद/दर्जा | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री नरेन्द्र परियार | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | श्री सिताराम अर्याल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकीलको कार्यालय |
| | श्री सविन खड्का | प्रमुख सेनानी/गणपति | श्रीनाथ दल गण ब्राबल ब्यारेक, रसुवा |
| | श्री अशोक थापा | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| | श्री प्रदिप राई | सशस्त्र प्रहरी नायब उपरीक्षक | स.प्र.बल नेपाल, नं. २० गुल्म हे.क्वा. , रसुवा |
| | श्री हेमन्त कुमार थिङ्ग | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा |
| | श्री महेन्द्र प्रसाद भण्डारी | कार्यालय प्रमुख (S2) | रेन्बो ट्राउट मत्स्य अनुसन्धान केन्द्र, रसुवा |
| | ई.बद्री प्रसाद शर्मा | डिभिजन प्रमुख/सि.डि.ई. | सडक डिभिजन, नुवाकोट |
| | श्री द्रुव प्रसाद अधिकारी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | श्री राजन राय | जिल्ला निर्वाचन अधिकारी | जिल्ला निर्वाचन कार्यालय, रसुवा |
| | श्री भीमप्रसाद जैशी | भूमि प्रशासन अधिकृत | भूमि प्रशासन कार्यालय, रसुवा |
| | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, रसुवा |
| | डा.अमित प्रजापति | मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल, धुन्चे |
| | डा.रोजिना ताम्राकार | कार्यालय प्रमुख | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, रसुवा |
| | श्री सुदिप खनाल | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय |

| हस्ताक्षर | नाम, थर | पद/दर्जा | कार्यालय/निकाय |
|---|---|---|---|
| | ई.रविन महर्जन | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, रसुवा |
| | श्री कैसाङ दिण्डुप तामाङ | नि.प्र.प्र.अ./लेखा अधिकृत | गोसाईकुण्ड गाउँपालिका, रसुवा |
| | श्री नविन देउजा | कार्यालय प्रमुख | खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, टिमुरे |
| | श्री पुष्पराज धामी | अधिकृतस्तर | डिभिजन वन कार्यालय, रसुवा |
| | ई.गुञ्जमान तामाङ | कार्यालय प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा |
| | श्री नरेन्द्र प्रसाद साह | अधिकृतस्तर | चरन तथा घाँसेवाली अनुसान्धान केन्द्र |
| | श्री कैलाश देवकोटा | कारागार प्रशासक | कारागार कार्यालय, रसुवा |
| | श्री जीवन दाहाल | | शिक्षा विकास तथा समन्वय इकाई |
| | श्री कर्सङ्ग दोर्जे रुम्बा | खरिदार | जिल्ला हुलाक कार्यालय |
| | श्री टेक बहादुर मगर | अमिन | नापी कार्यालय, रसुवा |
| | श्री उत्सव खड्का | तथ्याङ्क सहायक | जनस्वास्थ्य कार्यालय, रसुवा |
| | श्री दिलिप कुमार दास | लेखा प्रमुख | जलस्रोत तथा खानेपानी विकास डिभिजन कार्यालय, रसुवा |
| | श्री बुद्धवीर लामा | सव-इन्जिनियर | सघन शहरी तथा भवन नि.आ. |
| | श्री सृष्टि श्रेष्ठ | प्रमुख | स्वास्थ्य बीमा वोर्ड, रसुवा शाखा |
| | श्री बिपज भण्डारी | सहायक | नेपाल दूरसञ्चार कार्यालय, रसुवा |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय, रुवा |
| | | | |
| | | | |
| | | | |

ल सरकार
ह मन्त्रालय
प्रशासन
रसुवा

निर्णयहरू:

१. यस अघिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो।

२. नेपाल सरकार, श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंबाट हुने निर्देशन बमोजिम विविध कार्यक्रमहरू सञ्चालन गरी २३औं निजामती सेवा दिवस, २०८३ भव्यताका साथ मनाउने।

३. नेपाल सरकार, श्री गृह मन्त्रालयबाट हुने मार्गनिर्देशन बमोजिम संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ भव्यताका साथ मनाउने।

४. श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (प्रतिकार्य शाखा), सिंहदरबार, काठमाडौंको च.नं. ३११ मिति २०८३।०५।०२ गतेको पत्रसाथ प्राप्त **"सर्पदंश रोकथाम र नियन्त्रण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३"** आवश्यक अध्ययन गरी कार्यान्वयन गर्ने।

५. जनैपूर्णिमाको अवसरमा लाग्ने गोसाईकुण्ड एवम् पार्वतीकुण्ड मेला व्यवस्थापनको सन्दर्भमा मिति २०८३।०४।१८ मा सम्पन्न गोसाईकुण्ड र पार्वतीकुण्ड मेला व्यवस्थापन सम्वन्धि अन्तरक्रिया/छलफलबाट बनेका विषयगत समितिहरू र सोसँग आकर्षित हुने सम्पूर्ण कार्यालयहरूले आ-आफ्नो कार्यजिम्मेवारी बमोजिम कार्यसम्पादन गर्ने।

६. जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाको मिति २०८३।०४।२६ गतेको बैठकबाट स्वीकृत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan-DPRP) रसुवामा तोकिएको जिम्मेवारी समयभित्रै पालन गरी विपद् व्यवस्थापन कार्यमा सहयोग गर्ने। साथै, निरन्तरको वर्षात् का कारण जिल्लाका विभिन्न स्थानहरूमा बाढी/पहिरो जाने, जमिन भाषिन गई बस्ती जोखिममा पर्ने, सडक अवरुद्ध हुने लगायतका समस्याहरू आईरहेका एवम् भविष्यमा समेत आउन सक्ने विपद्जन्य जोखिमलाई मध्यनजर गरी यथासम्भव आ-आफ्नो कार्यजिम्मेवारी बमोजिम पूर्वतयारी र प्रतिकार्यका कार्यहरू गर्ने।

७. श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रशासन शाखा), सिंहदरबार, काठमाडौंको प.सं. ०८३/८४ च.नं. प्र.शा./३११/४९० मिति २०८३।०४।२१ गतेको पत्रसाथ प्राप्त "सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन २०८३" अध्ययन गरी आ-आफ्नो निकायमा सेवा प्राप्तिको सन्दर्भमा सेवाग्राहीले भर्नुपर्ने निवेदन फारामहरूको नमूना/ढाँचा तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यालयको वेबसाईट, सूचना पाटीमा एवम् अन्य विद्युतीय माध्यमहरूमा राख्ने र आवश्यकतानुसार सेवाग्राहीलाई निःशुल्क रूपमा उपलब्ध गराउने।

८. श्री भूमि प्रशासन कार्यालय, रसुवामा सरूवा/पदस्थापन भई आउनु भएका भूमी प्रशासन अधिकृत श्री भीमप्रसाद जैशीलाई सफल कार्यकालको शुभकामना सहित स्वागत गरियो।

०८३/०४/०६